**१२. अमान्य हुने :**

यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित संघिय कानून, प्रदेश कानून सँग बाझिएकामा बाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

प्रमाणित मिति आज्ञाले

२०७६/५/१० प्रेम प्रसाद भट्टराई

प्रमुख प्रशासकीय अधिकृत





# ललितपुर महानगरपालिका

# स्थानीय राजपत्र

ललितपुर महानगरपालिकाद्वारा प्रकाशित

वर्ष २ अतिरिक्ताङ्क ५, ल.पु.म.न.पा., स्थानीय राजपत्र, भाग-२, मिति २०७६/५/१०


## भाग-२

### ललितपुर महानगरपालिका

### बाल संरक्षण समिति (गठन तथा कार्य संचालन) कार्यविधि २०७६

समग्र मानव अस्तित्वको अनिवार्य आधार भनेकै बालबालिका हुन् । बालबालिका संरक्षणबाट मात्रै शान्ति, समृद्ध र सकारात्मक परिवर्तनको आधार तयार गर्न सम्भव हुन्छ । नेपाल सरकारले बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र महासन्धिको पक्ष राष्ट्रको रुपमा आफुलाई उभ्याउँदै नेपालको संविधान, २०७२ मा मौलिक हक अर्न्तगत बालबालिकाको हकको व्यवस्था गर्नुको साथै

पठाउने एवं आवश्यक सहयोगको लागि समन्वयकारी भूमिका निर्वाह गर्ने र त्यसको अनुगमन, फलोअप र समिक्षा गर्ने ।

७. वडामा बाल संरक्षण एवं बाल अधिकारको अवस्था अनुगमन गरि सम्बन्धित वडामा प्रतिवेदन पेश गर्ने ।

८. बाल संरक्षण र बाल अधिकारका विषयमा पैरवी एवं वकालत गर्ने ।

९. वडामा संचालित बाल संरक्षित एवं बाल अधिकारसंग सम्बन्धित कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरि सम्बन्धित वडा कार्यालय एवं महानगरपालिकामा पेश गर्ने ।

**५. समितिको बैठक सम्बन्धी कार्यविधिः**

१. बाल संरक्षण समितिको बैठक तीन महिनामा १ पटक बस्नेछ । आवश्यकता हेरी थप बैठक बस्न सकिनेछ ।

२. बैठकमा अन्य व्यक्तिलाई आवश्यकतानुसार आमन्त्रित गर्न सकिनेछ ।

३. बैठक कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिने छ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिने छ ।

४. बैठकको अध्यक्षतामा समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा उपस्थिति मध्यको जेष्ठ सदस्यले गर्नेछ ।

**६. बाल संरक्षण समितिको कार्यावधिः**

बाल संरक्षण समितिको कार्याविधि २ वर्षको हुने छ । कार्यावधि सकिनु कम्तिमा १ महिना अगावै समितिको पुर्नगठन गरिसक्नु पर्नेछ ।





ङ. **वडा समितिः** भन्नाले संविधानको धारा २२३ को उपधारा (४) बमोजिम गठित ललितपुर महानगरपालिकाको वडा समिति सम्झनु पर्छ ।

च **वडा कार्यालयः** भन्नाले महानगरपालिकाको वडा कार्यालय सम्झनु पर्छ ।

छ. **बिशेष संरक्षणको आवश्यकता भएका बालबालिकाः** भन्नाले बालबालिका सम्बन्धी ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

ज. **संरक्षकः** भन्नाले बालबालिकाको हक, हितको संरक्षण गर्ने बालबालिका सम्बन्धी ऐन, वा प्रचलित कानुन बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा संस्था सम्झनु पर्छ ।

झ. **समाज कल्याण महाशाखाः** भन्नाले ललितपुर महानगरपालिका समाज कल्याण महाशाखा सम्झनु पर्छ ।

ञ. **समितिः** भन्नाले दफा ३ बमोजिम गठन भएको बाल संरक्षण समिति सम्झनु पर्छ ।

**३. समितिको गठनः**

(१) ललितपुर महानगरपालिका भित्र बालबालिका माथि हुन सक्ने हिंसा, दुर्व्यवहार, शोषण बेवास्ता लगायत अन्य बाल संरक्षणका सवालहरुहरुको प्रभावकारी सम्बोधन एवं रोकथामका लागि आवश्यक वातावरण निर्माण गर्न, विभिन्न विषयगत महाशाखाहरु, वडा कार्यालयहरु र गैर सरकारी संघ संस्थाहरु बिच समन्वय गरी उपलब्ध स्रोत साधनहरुको प्रभावकारी उपयोग गर्दै कार्यक्रम संचालन गर्न र बाल संरक्षण कार्यलाई थप प्रभावकारी बनाउँदै बालबालिकाको क्षेत्रमा अपेक्षित उपलब्धि हासिल गर्न

प्रत्येक वडामा बाल संरक्षण समिति नामको समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम को समितिमा देहायका सदस्यहरु रहने छन् ।

क. वडा समितिको प्रतिनिधि (बाल कार्यक्रम हेर्ने फोकल पर्सन) - संयोजक

ख. स्थानीय शिक्षक - सदस्य

ग. महिला स्वास्थ्य सेविका - सदस्य

घ. बाल क्लब, बाल क्लब प्रतिनिधि (१ जना बालिका, १ जना बालक सहित २ जना) - सदस्य

ङ. बाल अधिकारकर्मी/नागरिक समाजका प्रतिनिधि - सदस्य

च. महिला समूह प्रतिनिधि - सदस्य

छ. आदिवासी, जनजाति,अपांगता भएका, दलित अल्प संख्यक तथा पिछडिएको वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरी २ जना - सदस्य

ज. वडा प्रहरी कार्यालयको प्रतिनिधि - सदस्य

झ. वडा कार्यालय कर्मचारी (सचिव) - सदस्य

ञ. वडा रेडक्रस प्रतिनिधि - सदस्य

ट. बालबालिका हेर्ने संस्थाका प्रतिनिधी - सदस्य

समितिले आफू मध्येबाट सदस्य सचिव चयन गर्नेछ ।

वडास्तरीय बाल संरक्षण समितिको संरक्षक सम्वन्धित वडाको वडा अध्यक्ष रहनेछ ।





**४. बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार:**

बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. सम्बन्धित वडामा संरक्षण र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्यांक संकलन, अध्यावधिक गरि वडा कार्यालय मार्फत महानगरपालिकामा सम्प्रेषण गर्ने ।

२. बाल संरक्षणको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरि वडा कार्यालय, नगरपालिका एवं विकासका साझेदार संस्थाहरुसंग बाल अधिकारमा आधारित योजना तर्जुमा , नीति कार्यकमहरुको निर्माण र कार्यान्वयन गर्न गराउन समन्वय गर्ने ।

३. सम्बन्धित वडामा बालबालिकाको क्षेत्रमा कार्यरत विभिन्न निकाय, संघ, संस्था लगायतका सेवा प्रदायकहरुको फेहरिस्त तयार पार्ने अध्यावधिक गर्ने र आवश्यक समन्वय र सहकार्यका माध्यमबाट बाल संरक्षण एवं बाल अधिकारको सम्वर्द्धन एवं प्रवर्द्धनात्मक कार्य गर्न वडा कार्यालयलाई सहयोग गर्ने ।

४. बाल संरक्षण एवं बाल अधिकारको सम्वर्द्धन, प्रवर्द्धन एवं परिपूर्ति सन्दर्भमा आवश्यक कार्यक्रम संचालन गर्दै सम्पूर्ण बाल संरक्षण सरोकारवालाहरुलाई बालबालिकाको क्षेत्रमा कार्य गर्न अभिप्रेरित गर्ने ।

५. वडामा संचालित बाल संरक्षण र बाल अधिकार संग सम्बन्धित कार्यक्रमहरुको रेखदेख, अनुगमन एवं निरिक्षण गरी प्रभावकारिता सुनिश्चित गर्न आवश्यक सल्लाह , सुझाव दिने ।

६. बाल अधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरुको अभिलेख राख्ने, सम्बन्धित निकायमा सिफारिस गरि

बालबालिका सम्बन्धी ऐन २०७५ समेत कार्यान्वयनमा ल्याएको छ । बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गरि बालबालिकाको सर्वोत्तम हित कायम गर्नु राज्यको दायित्व हुन्छ । यसै सन्दर्भमा ललितपुर महानगरपालिकाको बालबालिका लक्षित कार्यकमहरु तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा सहयोग र समन्वय गर्न वडा तहमा बाल संरक्षण समिति गठन गर्न वाञ्छनिय भएकोले यो "बाल संरक्षण समिति (गठन तथा कार्य संचालन ) कार्यविधि २०७६" तर्जुमा गरि लागु गरेको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "बाल संरक्षण समिति (गठन तथा कार्य संचालन ) कार्यविधि २०७६ रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृति गरेपश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय प्रसंगले अर्को अर्थ नलागेमा

**क. महानगरपालिका :** भन्नाले ललितपुर महानगरपालिका सम्झनु पर्छ ।

**ख. कार्यपालिकाः** भन्नाले ललितपुर महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

ग. नगर सभाः भन्नाले संविधानको धारा २२३ को उपधारा (१) बमोजिम गठित ललितपुर महानगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

**घ. न्यायिक समितिः** भन्नाले संविधानको धारा २१७ बमोजिम गठित ललितपुर महानगरपनलिकाको न्यायिक समिति सम्झनु पर्छ ।



वर्ष २, अतिरिक्ताङ्क ५, ल.पु.म.न.पा., स्थानीय राजपत्र, भाग-२, मिति २०७६/५/१०

**७. अनुगमन, मूल्यांकन तथा प्रतिवेदनः**

१. बाल संरक्षण समितिले सम्बन्धित वडामा संचालित बाल संरक्षण एवं बाल अधिकारमा आधारित कार्यकमहरुको अनुगमन मूल्यांकन गरि सोको प्रतिवेदन तोकिएको ढांचामा तयार गरी वडा कार्यालय पेश गर्नु पर्नेछ ।

२. बाल संरक्षण समितिले गरेका कार्यहरुको अनुगमन, मुल्यांकन एवं कार्य प्रगति समिक्षा सम्बन्धित वडा कार्यालयले गर्नेछ र सोको प्रतिवेदन तोकिएको ढांचामा तयार गरी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**८. सम्पर्क कार्यालय/स्थानः**

बाल संरक्षण समितिको सम्पर्क कार्यालय/स्थान सम्बन्धित वडाको कार्यालय क्षेत्रभित्र रहने छ र कार्यालय प्रयोजनको लागि आवश्यक स्रोत महानगरपालिकाले आवश्यकताको आधारमा व्यवस्थापन गर्नेछ ।

**९. बजेट निकासा र खर्च व्यवस्थाः**

बाल संरक्षण समितिलाई कार्य सम्पादन गर्न आवश्यक स्रोत महानगरपालिकाले व्यवस्थापन गर्नेछ ।

**१०. थपघट र हेरफेरः**

ललितपुर महानगरपालिकाले यस कार्यविधिमा समयानुकुल आवश्यक थपघट तथा हेरफेर गर्न सक्ने छ ।

**११. निर्देशन दिन सक्ने :**

ललितपुर महानगरपालिकाले बाल संरक्षण समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।